# तातोपानी गाउँपालिका जुम्ला

## स्थानीय राजपत्र

खण्डः७ | सख्याः१ | मितिः२०८०/०१/३

प्रमाणिकरण मिति २०८०।०१।३

### भाग २

### तातोपानी गाउँपालिका जुम्लाको पालिका गान स्विकृत सम्बन्धि सूचना

यस गाउँपालिकाको मिति २०७९।१०।१६ गतेको पालिका गानका लागि रचना पेश गर्ने सम्बन्धि सुचना बमोजिम १० वटा रचना प्राप्त भएकोमा सबै रचनाहरु उत्कृष्ट नै थिए प्राप्त रचनाहरु मध्ये पालिका गानका लागि उपयुक्त रचना यस तातोपानी गाउँपालिका वडा नं ५ निवासी श्री लाल प्रसाद चौलागाईको तपसिलको रचना भएकाले पालिका गानका लागी स्विकृत गर्ने भनि मिति २०७९।१२।२८ मा बसेको गाउँ कार्यपालिका बैठकले निर्णय गरेकाले पालिका गानका लागी उक्त रचना स्विकृत भएको ब्यहोरा सरोकारवाला सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

चन्दननाथ पुर्बपट्टी पश्चिम तिला किल्ला छ<br>
उत्तर हिमा, सिंजा ,दक्षिण जाजरकोट, जिल्ला छ ।<br>
साबिकहाँकु ताम्तीभित्र,जलजंगलको खानी,<br>
जिउलातिर मार्सीफल्छ बिचमा तातोपानी ।

ठाउँअन्सारको चालचलन, खषभाषाको बोली,
हाम्रैठाउँको जडीबुटी, त्यै ओक्ताको गोली ।
अल्कापाटन सुनबुकी, गैरा बस्ति खेती,
स्याउ,सिमी,ओखरको सम्भावना त्यति, ।

पैकेलाको जन्मभुमि ,बलिराजको राजधानी,
इतिहासको भण्डार हाम्रो जोगाईराखौ सबजानी ।
मष्टटोपित्त कुलदेउता ,माइमालिका पुज्दछौ,
वीरसहिदको सम्मानगर्छौं आपसमा जुट्दछौ ।

आज्ञाले,

तीर्थ बहादुर कठायत

प्रमुख प्रशासकीय अधिकृत